# २०८१ माघ ७ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| 1 | नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०८१ साल माघ १८ गते शुक्रबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| 2 | अर्थ मन्त्रालय | (क) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।<br>(ख) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| 3 | अर्थ मन्त्रालय | अर्थ मन्त्रालयसम्वद्ध देहाय बमोजिमका कार्यविधि तथा मापदण्डहरू खारेज गर्नेः<br>(क) सहलगानी सम्बन्धी कार्यविधि, २०७७<br>(ख) कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ |
| 4 | अर्थ मन्त्रालय | एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि नेपालको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव श्री श्रीकृष्ण नेपाललाई मनोनयन गर्ने। |
| 5 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सिमरा विशेष आर्थिक क्षेत्रको "ब्लक बी" र "ब्लक सी" लाई नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर सार्वजनिक निजी साझेदारी (PPP) मोडलमा विकास तथा सञ्चालन गर्न विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ६ र विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ को नियम ३ को खण्ड (क) बमोजिम स्वीकृति दिने। |
| 6 | खानेपानी मन्त्रालय | नेपाल खानेपानी संस्थान, बुटवल खानेपानी आयोजनाको लागि आवश्यक पर्ने पाल्पा जिल्ला तिनाउ गा.पा. वडा नं.-३ मा करिब ३० रोपनी जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| 7 | गृह मन्त्रालय | भारतको नयाँ दिल्लीमा मिति २०८१ माघ १० देखि १३ सम्म आयोजना हुने 2024: A Global Election Year – Reiteration and Reclaiming of Democratic Spaces विषयक अन्तर्राष्ट्रिय सम्मेलन (२३-२४ जनवरी), National Voter's Day (२५ जनवरी २०२५) र Republic Day Parade (२६जनवरी) कार्यक्रममा सहभागी हुन माननीय प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई स्वीकृति प्रदान गर्ने। |
| 8 | गृह मन्त्रालय | जग्गा प्राप्ति तथा अचल सम्पत्ति अधिग्रहण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |

<table>
<tr><th>क्र.सं</th><th>मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>9</td><td>गृह मन्त्रालय</td><td>राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्ति गर्न गठित सिफारिस समितिको कार्यावधि पैंतिस दिन थप गर्ने।</td></tr>
<tr><td>10</td><td>परराष्ट्र मन्त्रालय</td><td>संलग्न अनुसूचीमा उल्लेख भएबमोजिम विदेशस्थित नेपाली नियोगहरूमा नयाँ स्वीकृत भएका कूटनीतिक कर्मचारीतर्फका पदको लागि, नयाँ स्वीकृत भएका स्थानीय कर्मचारीतर्फको पदका लागि र विदेशस्थित नेपाली नियोगहरूमा नयाँ स्वीकृत भएका अर्दली (सर्भिस स्टाफ) पदका लागि पारिश्रमिक स्वीकृत गर्ने।</td></tr>
<tr><td>11</td><td>परराष्ट्र मन्त्रालय</td><td>संलग्न AGREEMENT BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE REPUBLIC OF BELARUS ON VISA EXEMPTION FOR HOLDERS OF DIPLOMATIC, OFFICIAL AND SERVICE PASSPORTS विषयको सम्झौतापत्र स्वीकृत गर्ने र उक्त सम्झौतापत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने।</td></tr>
<tr><td>12</td><td>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय</td><td>राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष नियुक्ति नभएसम्मका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री अर्जुनप्रसाद पोखरेललाई तोक्ने।</td></tr>
<tr><td>13</td><td>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय</td><td>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।</td></tr>
<tr><td>14</td><td colspan="2">सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।</td></tr>
<tr><td>15</td><td colspan="2">बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगका सचिव श्री लोकराज पराजुलीको महान्यायाधिवक्ताको कार्यालयको नायव महान्यायाधिवक्ता पदमा र महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री खेमराज ज्ञवालीको बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको सचिव पदमा सरुवा गर्ने।</td></tr>
</table>